ईशनाथ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय, औरैया, रौतहट

प्रदेश नं. २ , नेपाल

Ishnath Municipality

**Office of The Municipal Executive, Auraiya, Rautahat**

Province No. 2 , Nepal

पत्र संख्या :- २०७५/०७६
चलानी नं. :-३१६
प्राप्त पत्र संख्या र मिति :-

मिति :- २०७६/०१/१३

**विषय : *लगत कट्टा सम्बन्धमा ।***

**श्री वडा कार्यालय सबै (ईशनाथ नगरपालिका) ।**

प्रस्तुत विषयमा सामाजिक सुरक्षा संचालन कार्यविधि, २०७५ को परिच्छेद-३ को दफा-१२ मा देहायको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहको मूल अभिलेखबाट कट्टा गरिने तथा लगत कट्टा गरिएको व्यहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित स्थानिय तहको वडाका सचिव वा निजले तोकेको जिम्मेवार पदाधिकारीले प्रमाणित गर्नुपर्ने व्यवस्था रहेकोले सोही बमोजिम गर्न गराउनु हुन अनुरोध छ । अन्यथा भए/गरेमा वडा कार्यालय स्वयम जिम्मेवार हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

**देहाय :**

क) मृत्यु भएमा,
ख) बसाई सर गएमा,
ग) एकल वा विधुवा महिलाले विवाह गरेमा,
घ) बालबालिकाको हकमा पाँच वर्ष (साठी महिना) उमेर पुरा भएमा,
ङ) नवीकरण नगरेमा,
च) एक आर्थिक वर्षको कुनै पनि किस्ता नबुझेमा वा बैंक मार्फत वितरण भएकामा लगातार एक वर्षसम्म खाता निष्कृय भएमा,
छ) अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएमा ।

२०७६।१।१९

(नन्द किशोर गुप्ता)
नि.प्रमुख प्रशासकीय अधिकृत